मेलुङ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

बैठक सङ्ख्या : ६०

आज मिति २०८२/०६/३१ गते शुक्रबारका दिन मेलुङ गाउँपालिकाका अध्यक्ष श्री हिरा कुमार तामाङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी निम्न प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा कुमार तामाङ | अध्यक्ष | | |
| २ | श्री गायत्री आचार्य | उपाध्यक्ष | | |
| ३ | श्री ईश्वर कोईराला | सदस्य | | |
| ४ | श्री रामकृष्ण भण्डारी | सदस्य | | |
| ५ | श्री वसन्त लामा | सदस्य | | |
| ६ | श्री सोम बहादुर बम्जन लामा | सदस्य | | |
| ७ | श्री ललित बहादुर थापा मगर | सदस्य | | |
| ८ | श्री कुसुम लामा | सदस्य | | |
| ९ | श्री नवराज खड्का | सदस्य | | |
| १० | श्री शान्ता दहाल कार्की | सदस्य | | |
| ११ | श्री राममाया लामा | सदस्य | | |
| १२ | श्री विमला नेपाली | सदस्य | Bimala | |
| १३ | श्री विन्दा पाण्डे | सदस्य | | |
| १४ | श्री यादव घतानी | सदस्य | | |
| १५ | श्री मल्लिका दर्नाल | सदस्य | | |
| १६ | श्री सन्जय शिवाकोटी | सचिव | | |

आमन्त्रित :

१ श्री डिल्ली बहादुर बुढाथोकी

२ श्री कमल लकान्द्री

३ श्री रामेश्वर अधिकारी

हिरा कुमार तामाङ
अध्यक्ष

बैठकका प्रस्तावहरु :

(१) अधुरो ठेक्काहरुको म्याद थप गर्ने सम्बन्धमा।
(२) सहकारी पुनर्लेखनको लागि स्वीकृति दिने सम्बन्धमा।
(३) गाउँ शिक्षा योजना, २०८२ सम्बन्धमा छलफल।
(४) ३ नं. वडा कार्यालयमा कार्यालय सहयोगी नियुक्ती सम्बन्धमा।
(५) आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।
(६) बैङ्कको शाखा खोल्न अनुमती दिने सम्बन्धमा।
(७) विविध।

निर्णयहरु :

१ प्रस्ताव नं. १ सम्बन्धमा छलफल गर्दा देहाय बमोजिमका अधुरा योजनाहरुको म्याद थप गर्ने।

१ गाउँपालिकाको प्रशासकीय भवनको मिति २०८२/०७/०३ गतेदेखी लागु हुने गरी ९० दिन म्याद थप गर्ने।

२ आ.व. २०८१/०८२ मा पिपलडाँडा वडा कार्यालय भञ्ज्याड सडक, ठेक्का नं. 04/W/NCB/MRM/081-82 को लागि मेलुङ गाउँपालिका र माता मनकामना बिल्डर्ससँग मिति २०८१/०६/१० मा रु ९७०८८३६.८२ (अक्षरुपी रु सन्तानब्बे लाख आठ हजार आ७ सय छत्तिस पैसा बयासी)-मा VAT & PS समेत सम्झौता भई कायदिश भएकोमा निर्माण कार्य सम्पन्न हुनुपर्ने मिति २०८२/०३/२५ गते सम्म ६७.७३ प्रतिशत भौतिक प्रगति भई रु रु ६६,७७,६१६.४४ (अक्षरुपि छैसठ्ठी लाख सतहत्तर हजार छ सय सोह्र रुपैया पैसा चौवालिस) भुक्तानी भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ २(क) मा *उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएकमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेछ।* भन्ने व्यवस्था रहेको तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (ख) मा *खण्ड (क) बमोजिमको पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्ववाट मुक्त हुन नसक्ने* व्यवस्था रहेको तथा ऐ. नियमावलीको नियमा १२१ (ग) मा *खण्ड क बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नु पर्ने अधकतम् समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्ने* कानुनी व्यवस्था रहेकोले बाँकी काम पुरा गर्न गाउँ सभाबाट ३०३१२२०.३९।— (अक्षरेपि रु तीस लाख एकतिस हजार दुई सय बिस पैसा उनान्चालिस )बजेट विनियोजन गरी उक्त बजेटबाट बाँकी काम पुरा सम्पन्न गर्न कार्यसम्पन्न गर्नुपर्ने अवधि मिति २०८२/०९/३० सम्म थप गरी कार्यसम्पन्न गर्ने निर्णय गरियो।

३ आ.व. २०८१/०८२ मा मानेडाँडा हिले डाँडाखर्क सुँगुरे दुधिलेभञ्ज्याड मसिरेखोला सडक, ठेक्का नं. 10/W/NCB/MRM/81-82 को लागि मेलुङ गाउँपालिका र अंशु ग्रेज जे.भी. बीच मिति २०८१/०६/१४ मा रु. १०२८३७१२.३६ (अक्षरपि रु एक करोड दुई लाख त्रियासी हजार सात सय बाह्र पैसा छत्तिस मात्र) मा सम्झौता भई कायदिश भएकोमा निर्माण कार्य सम्पन्न हुनुपर्ने मिति २०८२/०३/२५ सम्म ८८ प्रतिशत भौतिक प्रगति भई ९४०४४८५.७० (अक्षरेपि रु चौरानब्बे लाख चार हजार चार सय पचासी पैसा सत्तरी मात्र) भुक्तानी भएको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ २(क) मा *उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएकमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेछ।* भन्ने व्यवस्था रहेको तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (ख) मा *खण्ड (क) बमोजिमको पूर्वनिर्धारित क्षतिपूर्ति*

हिरा कुमार तामाङ
अध्यक्ष

तिर्दैमा सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था रहेको तथा ऐ. नियमावलीको नियमा १२१ (ग) मा खण्ड क बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नु पर्ने अधकतम् समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्ने कानुनी व्यवस्था रहेकोले बाँकी काम पुरा गर्न गाउँ सभाबाट रु. ८७९२२६.६६ (अक्षरेपि रु आठ लाख उनानअसी हजार दुई सय छब्बिस पैसा छैसठ्ठी मात्र)बजेट विनियोजन गरी उक्त बजेटबाट बाँकी काम सम्पन्न गर्न कार्यसम्पन्न गर्नुपर्ने अवधि मिति २०८२/०९/३० थप गरी कार्यसम्पन्न गर्ने निर्णय गरियो।

२ प्रस्ताव नं. २ सम्बन्धमा छलफल गर्दा हाम्रो गाउँघर सानाकिसान सहकारी संस्थाको विधान पुनर्लेखन तथा संशोधनको लागि स्वीकृति प्रदान गर्ने।

३ प्रस्ताव नं. ३ सम्बन्धमा छलफल गर्दा गाउँ शिक्षा योजना, २०८२ स्वीकृत गर्ने।

४ प्रस्ताव नं. ४ सम्बन्धमा छलफल गर्दा ३ नं. वडा कार्यालयको प्रस्ताव बमोजिम उर्मिला डोल्मा तामाङलाई मिति २०८२/०७/०१ गतेदेखी लागु हुनेगरी कार्यालय सहयोगी पदमा नियुक्ति दिने।

५ प्रस्तान नं. ५ सम्बन्धमा छलफल गर्दा मृतक भलिबल खेलाडी सुरेश बि.क.को परिवारलाई रु ५० हजार आर्थिक सहायता उपलब्ध गराउने।

६ प्रस्ताव नं. ६ सम्बन्धमा छलफल गर्दा राष्ट्रिय वाणिज्य बैङ्क (साविक मेलुङ ८ मा रहेको) लाई शाखा पुन स्थापनाको लागि स्वीकृति प्रदान गर्ने। साथै कृषि विकास बैङ्कलाई शाखा विस्तारको लागि स्वीकृति दिने।

७ प्रस्ताव नं. ७ सम्बन्धमा छलफल गर्दा सितली बुद्धचोक सडकलाई बहुवर्षीय योजनामा राखी कार्यान्वयन गर्न प्रदेश नीति तथा योजना आयोग तथा प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालया बागमती प्रदेशमा लेखी पठाउने।

हिरा कुमार तामाङ
अध्यक्ष